# राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

हर्दी, भण्डारा, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

प.सं. ०८०/०८१
च.नं. १८ (स्वास्थ्य)

मितिः...............................

२०८०।०४।१६

विषय : निजी स्वास्थ्य संस्था दर्ता, नविकरण तथा सञ्चालन अनुमति सम्वन्धमा

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहापथ काठमाण्डौको स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्वन्धी निर्देशिका २०७० (संसोधन समेत), वागमती प्रदेश स्वास्थ्य सेवा नियमावली २०७६ र वागमती प्रदेश जनस्वास्थ्य सेवा नियमावली २०७७ अनुसार स्थानिय तहले स्वास्थ्य संस्थाहरुको दर्ता, संचालन, नविकरण तथा नियमन गर्ने सम्वन्धमा स्वास्थ्य क्लिनिक, आयुर्वेद क्लिनिक, सोवारिग्पा (आम्ची) क्लिनिक, होमीयोप्याथी क्लिनिक र यस्तै प्रकारका अन्य क्लिनिकहरु, फिजियोथेरापी केन्द्र,पुर्नस्थापना केन्द्र (मनोसामाजिक), प्राकृतिक उपचार केन्द्र, अकुपन्चर, अकुप्रेसर केन्द्र, युनानी उपचार केन्द्र, योग ध्यान तथा शारीरिक व्यायाम केन्द्र, परम्परागत सेवा क्लिनिक र यस्तै प्रकारका अन्य क्लिनिक तथा सेवाकेन्द्रहरु, जेरियाट्रिक परामर्श केन्द्र, "डि" र "ई" वर्गको प्रयोगशाला तथा १५ शैया सम्मको अस्पताल राप्ती नगरपालीकावाट अनुमती लिएर मात्र संञ्चालन गर्नुपर्ने भएकोले माथि उल्लेखित सेवामा पर्ने तर फर्मको नाम नमिल्ने भएमा नाम सच्याई सेवा सुचारु गर्नुहुन साथै फर्मको नाम अनुसारको सेवा भएमा जुन निकायवाट दर्ता, नविकरण तथा संचालन अनुमति लिनुपर्ने हो, सोहि निकायवाट लिनुहुन पनि सम्वन्धित सरोकारवालाहरुको लागि जानकारी गराईन्छ ।

.....................
सुरेश न्यौपाने
जनस्वास्थ्य अधिकृत

सुरेश न्यौपाने
जन स्वास्थ्य अधिकृत



Scanned with CamScanner

अनुसूची -९

(नियम १२ को उपनियम (२) सँग सम्बन्धित)

स्वास्थ्य संस्थालाई ईजाजतपत्र दिने निकाय

(१) मन्त्रालय वा मन्त्रालयले तोकेको निकायबाट ईजाजतपत्र लिनुपर्ने र नवीकरण गराउनु पर्ने स्वास्थ्य संस्थाः

(क) २०० शैया माथिका जनरल अस्पताल,

(ख) विशेषज्ञ अस्पताल,

(ग) विशिष्टिकृत अस्पताल,

(घ) बाल अस्पताल,

(ङ) ५० शैया माथिका आयुर्वेद अस्पताल/ विशेषज्ञ आयुर्वेद अस्पताल,

(च) निजी, गैरसरकारी, सहकारी वा गैर नाफामूलक सामुदायिक शिक्षण कलेजले सञ्चालन गर्ने शिक्षण अस्पताल,

(छ) होमियोप्याथी अस्पताल,

(ज) जेरियाट्रिक केयार सेन्टर,

(झ) "क श्रेणी" को रेडियो इमेजिङ्ग सेन्टर,

(ञ) रक्तसञ्चार केन्द्र,

(ट) "ए" र "बी" वर्गको प्रयोगशाला,

(ठ) टेस्ट ट्युब वेबी सेन्टर (IVF),

(ड) डायलासिस केन्द्र (२५ शैयाभन्दा माथि),

(ढ) पुनर्स्थापना केन्द्र (२५ शैयाभन्दा माथि),

(ण) अन्य कुनै पनि तहको सूचीमा नपरेको र स्पष्ट नभएको स्वास्थ्य सेवा ।



Scanned with CamScanner

(२) प्रदेश सरकार वा प्रदेश सरकारले तोकेको निकायवाट ईजाजतपत्र लिनुपर्ने र नवीकरण गराउनु पर्ने स्वास्थ्य संस्थाहरु:-

(क) २५ देखि २०० शैया सम्मका जनरल तथा विशेपज्ञ अस्पताल,

(ख) २५ देखि ५० शैया सम्मका आयुर्वेद अस्पताल,

(ग) डेन्टल क्लिनिक, विशेपज्ञ क्लिनिक, पोलिक्लिनिक,

(घ) आँखा उपचार केन्द्र,

(ङ) "सी" वर्गको प्रयोगशाला,

(च) "ख" श्रेणीको रेडियो इमेजिङ्ग सेन्टर,

(छ) डायलासिस केन्द्र (२५ शैया सम्म),

(ज) पुनर्स्थापना केन्द्र (२५ शैया सम्म),

(झ) हस्पिस सेन्टर (Hospice Center) ।

(३) स्थानीय तह वा स्थानीय तहले तोकेको सो तहको निकायले इजाजतपत्र दिने र नवीकरण गर्ने स्वास्थ्य संस्थाहरु:-

(क) स्वास्थ्य क्लिनिक, आयुर्वेद क्लिनिक, सोवारिग्पा (आम्ची) क्लिनिक, होमियोप्याथी क्लिनिक र यस्तै प्रकारका अन्य क्लिनिकहरु,

(ख) फिजियोथेरापी केन्द्र, पुर्नस्थापना केन्द्र (मनोसामाजिक), प्राकृतिक उपचार केन्द्र, अकुपन्चर, अकुप्रेसर केन्द्र, युनानी उपचार केन्द्र, योग ध्यान तथा शारीरिक व्यायाम केन्द्र, परम्परागत सेवा क्लिनिक र यस्तै प्रकारका अन्य क्लिनिक तथा सेवा केन्द्रहरु,

(ग) जेरियाट्रिक परामर्श केन्द्र,

(घ) "डि" र "ई" वर्गको प्रयोगशाला,

(ङ) १५ शैया सम्मको अस्पताल ।



Scanned with CamScanner

(ञ) "पोली क्लिनीक" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई एकै स्थानबाट कम्तीमा पाँच वटा सेवा जस्तै बहिरङ्ग सेवा, प्रयोगशाला, रेडियो ईमेजिङ्ग, फिजीयोथेरापी, परिवार नियोजन, खोप सेवा आदि जस्ता बहु सेवा उपलब्ध गराउने संस्थालाई सम्झनु पर्छ।

(थ) "स्वास्थ्य क्लिनिक" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई कुनै पनि व्यक्तिलाई स्वास्थ्य सम्बन्धी जाँच गर्ने, उपचार सम्बन्धी आवश्यक परामर्श एकै स्थानबाट पाँच वटा भन्दा कम सेवा जस्तै बहिरङ्ग सेवा, प्रयोगशाला, रेडियो ईमेजिङ्ग, फिजीयोथेरापी, परिवार नियोजन, खोप सेवा आदि जस्ता सेवा उपलब्ध गराउने संस्थालाई स्वास्थ्य क्लिनिक सम्झनु पर्छ र सो शब्दले निजी क्लिनिक समेतलाई जनाउँदछ।

Scanned with CamScanner